# राष्ट्रिय सरकार पनि बनेन, विवादित विषय पनि मिलेन

भुवन केसी/तिलक पाठक

***प्रकाशित मिति:*** पुस २१, २०७१

संविधान जारी गर्नका लागि वातावरण तयार पार्ने भन्दै राष्ट्रिय सहमतिको सरकार गठन गर्ने प्रयास असफल भयो । राजनीतिक दलका नेताहरुले माघ ८ गते संविधान जारी गर्ने बताएपनि व्यवहारमा त्यसको छनक देखिएन । धेरै समयको विवादपछि संविधानसभा राजनीतिक संवाद तथा सहमति समितिको प्रतिवेदन संविधानसभामा पुग्यो । संविधानका विवादित विषयलाई के गर्ने विषयमा संविधानसभामा छलफल भएपनि कुनै निष्कर्ष निस्कन सकेन । जसका कारण संविधान निर्माणको प्रक्रिया अन्योलमा रह्यो । संविधानका विवादित विषयमा सहमति जुटाउन भन्दै काँग्रेस, एमाले, एमाओवादी र मधेशवादी दलबीच पटक पटक बैठक भएपनि त्यसबाट ठोस परिणाम आउन सकेन । प्रतिपक्षी दलहरु आन्दोलनतर्फ केन्द्रीत भए भने माघ ८ गते संविधान जारी गर्न भन्दै विभिन्न संघसंस्थाहरुले दबाबमुलक कार्यक्रम बढाए । तरपनि संविधान बन्ने र जारी हुने आधार तयार भएन ।

## राष्ट्रिय सहमतिको सरकार बनाउने कसरत

एमालेले संविधान जारी हुनुभन्दा अघि राष्ट्रिय सहमति संयुक्त सरकार बनाउने कसरत गऱ्यो । एमाले अध्यक्ष केपी शर्मा ओलीले तराई मधेश केन्द्रीत दलहरुसँग भेटवार्ता बढाए । उनले मधेशवादी दलका नेताहरुलाई सामुहिक र छुट्टा-छुट्टै रुपमा भेट गरे । 'सबैको सहमतिमा संविधान जारी होस् र त्यसका लागि उहाँहरु (मधेशी दल) पनि सरकारमा सामेल हुनुहोस भन्ने हाम्रो प्रस्ताव छ'[1], एमाले अध्यक्ष झलनाथ खनालको भनाइ थियो । दलहरुबीच यसबारे अनौपचारिक रुपमा छलफल भयो । संघीयता र शासकीय स्वरुपमा ठूलो विवाद नभएपनि सत्ता साझेदारीको विषय प्रमुख बन्न थालेपछि दुवैलाई एकसाथ सल्टाउने प्रयास गरिएको हो ।[2] तर, मधेशी मोर्चाका नेताहरुले संविधानका अन्तर्वस्तुमा सहमति नहुँदासम्म सरकारमा सहभागी नहुने निर्णय गरे । सके सबै मधेशवादी दलहरुलाई सरकारमा सहभागी गराउने र नभए त्यसभित्रका केही दलहरुलाई सहभागी गराउने एमालेको लक्ष्य थियो । सत्ताको कुरा गर्दा मोर्चाभित्र पनि समस्या देखा परेको थियो । त्यसैले मोर्चाले संविधानका अन्तर्वस्तुमा सहमति नहुँदासम्म सरकारमा सहभागी नहुने र

[1] खनाल, दुर्गा । मंसिर १६, २०७१ । एमालेले भन्यो-'सहमतीय सरकार' । कान्तिपुर, पृ.१ ।
[2] न्यौपाने, कुलचन्द्र । पुस १०, २०७१ । राष्ट्रिय सहमति र सरकार एकासाथ । कान्तिपुर, पृ.१ ।

संघीयतासहितको संविधानलाई मोर्चाले जोड दियो । पहिले काँग्रेसले राष्ट्रिय सहमतिको सरकारमा जोड दिएपनि एमालेले अग्रसरता लिएको बेला भने काँग्रेस मौन प्राय रह्यो । त्यसपछि राष्ट्रिय सहमतिको सरकार गठनको प्रक्रियाले तीव्रता पाएन ।

## माघ ८ गते संविधान ल्याउन प्रतिबद्ध

अन्तरिम संविधान, संविधानसभा नियमावली र संविधानसभा कार्यतालिका अनुसार प्रकृया पुऱ्याएर माघ ८ गते संविधान जारी गर्न असम्भव हुँदै गएको बेला पनि राजनीतिक दलहरुले माघ ८ गते संविधान जारी गर्न आफूहरु प्रतिवद्ध रहेको बताए । संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङले पनि त्यसका लागि पहल थाले । मंसिर २१ गते संविधानसभा अध्यक्ष नेम्वाङले प्रधानमन्त्री सुशील कोइराला, एमाले अध्यक्ष ओली र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालसँग वार्ता गरे । उनले प्रक्रिया छोट्टाएर भएपनि माघ ८ गते संविधान जारी गर्ने वातावरण मिलाउन आग्रह गरे । मंसिर २६ गतेको काँग्रेस केन्द्रीय समितिको बैठकले पनि माघ ८ गते संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान जारी गर्न पार्टीले आग्रसरता लिने निर्णय गऱ्यो ।[3]

एमाले केन्द्रीय कमिटी बैठकले पनि  संविधानसभा निर्वाचनका बेला सबै दलहरूले गरेको प्रतिबद्धता, जनतासमक्ष दलहरूले पटक-पटक गरेका बचनबद्धता तथा संविधानसभाले सर्वसम्मत ढङ्गले पारित गरेको कार्यतालिका बमोजिम नै आगामी माघ ८ गतेभित्रै संविधान जारी गरिनुपर्छ भन्ने मान्यतामा दृढ छ,[4] भन्यो । प्रधानमन्त्री सुशील कोइरालाले दलहरुबीच सहमति नभए संविधानसभाको प्रकृयामा गएर भएपनि माघ ८ मै संविधान जारी हुने बताए ।[5] उता, पुस ४ गते बसेको संघीय गणतान्त्रिक मोर्चाको बैठकले पनि तोकिएको समयमा नै संविधान जारी गर्नका लागि पहल गर्ने निर्णय गऱ्यो । एमाले स्थायी समितिको बैठकले पनि माघ ८ गते संविधान जारी गर्नका लागि सक्दो पहल गर्ने निर्णय गऱ्यो । एमालेले माघ ८ गतेभित्रै संविधान निर्माणका लागि अनुकूल वातावरण निर्माण गर्न तथा संविधानका अन्तर्वस्तुमा पार्टी दृष्टिकोण स्पष्ट पार्न भन्दै पौष १८ गते देशका मुख्य सहरहरूसहित सबै जिल्लामा वृहत् कार्यकर्ता भेला गर्ने निर्णय समेत गऱ्यो ।[6]  तर, संवाद समितिका सभापति बाबुराम भट्टराईले भने मंसिर २४ गते नै माघ ८ सम्म मुख्य विषयमा सहमति बन्ने र मस्यौदा बन्ने सम्भावना चाहिँ देखिन्छ,[7]भने ।

## संवाद समितिको प्रतिवेदन संविधानसभामा

[3] नेपाली काँग्रेसले २०७१ साल मंसिर २६ गते जारी गरेको प्रेस विज्ञप्ति ।

[4] नेकपा एमालेले २०७१ साल पुस २ गते जारी गरेको प्रेस विज्ञप्ति ।

[5] सहमति नभए प्रकृयाबाटै । पुस ४, २०७१ । कान्तिपुर । पृ.१ ।

[6] नेकपा एमालेले २०७१ साल पुस ७ थते जारी गरेको प्रेस विज्ञप्ति ।

[7] संवाद समितिका सभापति बाबुराम भट्टराईको सचिवालयद्वारा २०७१ साल मंसिर २४ गते जारी प्रेस विज्ञप्ति ।

संवाद समितिले काँग्रेस, एमाले लगायतले पेश गरेको साझा प्रस्तावबारे के गर्ने भन्नेमा दलहरुबीच ठूलो विवाद भयो । एमाले नेताहरुले संवाद समितिका सभापति भट्टराईसँग भेट गरी साझा प्रस्ताव संविधानसभामा पठाउन आग्रह गरे । काँग्रेस र एमालेले पटक पटक आग्रह गर्दा पनि भट्टराईले बुझाउन आनाकानी गरेपछि काँग्रेस, एमाले र एमाओवादीका नेताहरुले स्वविवेक प्रयोग गरी प्रतिवेदन बुझाउन सभापति भट्टराईलाई जिम्मेवारी दिए । त्यसपछि भट्टराईले काँग्रेस, एमाले, एमाओवादीका नेता र संविधानसभा अध्यक्ष नेम्वाङसँग छलफल गरे । र, मंसिर १९ गते नेम्वाङलाई प्रतिवेदन बुझाए । भट्टराईले प्रतिवेदनमा दलहरुका धारणा समावेश गरेपनि सहमति नभएका विषयमा प्रश्नावली भने तयार पारेन । नेताहरु र सबै दलका नेता सहित स्वतन्त्र सदस्यहरुका बीचमा भएका विभिन्न चरणका औपचारिक एवं अनौपचारिक बैठकहरुमा देखिएका असहमतिलाई सहमतिमा नै टुंग्याउने प्रयास सकारात्मक रुपमा अन्तिम चरणमा पुगेको भएता पनि अझै सहमति भने नभै सकेको र समितिमा थप छलफलको आवश्यकता रहेकोले सभाको निर्देशन अनुसार प्रश्नावली सहितको प्रतिवेदन तयार हुन नसकिरहेको अवस्था विद्यमान रहेको छ,[8] संवाद समितिका सभापति भट्टराईले प्रतिवेदनमा उल्लेख गरेका थिए ।

एमाले अध्यक्ष ओलीले त समितिले दलहरुको सुझाव विपरित भट्टराईले संविधानसभामा प्रतिवेदन बुझाएको आरोप लगाए ।[9] तर, त्यसलाई कसरी अघि बढाउने भन्नेमा पनि दलहरुबीच बहस भयो । एमाले संसदीय दलको बैठकले विवादित विषयमा सहमति नभए प्रकृयाबाट अघि बढ्न नेतृत्वलाई सुझाव दिए । मंसिर २९ गतेदेखि संविधानसभामा प्रतिवेदनमाथि छलफल भयो । त्यसपनि सभासद्हरु विभाजित भए । काँग्रेस र एमालेका सभासद्हरुले सहमति नभए प्रकृयाबाट अघि बढाउन सुझाव दिए भने एमाओवादी र मधेशीवादी दलका सभासद्हरुले सहमतिका लागि पुनः संवाद समितिमा नै फर्काउन आग्रह गरे । २० दलीय मोर्चाले संविधानसभा अध्यक्ष नेम्वाङलाई भेटी सहमतिका लागि प्रतिवेदन पुनः संवाद समितिमा नै पठाउन आग्रह गरे ।

## कार्यदल पनि असफल

संविधानका अन्तर्वस्तुमा सहमति जुटाउन भन्दै काँग्रेस, एमाले, एमाओवादी र मधेश केन्द्रीत राजनीतिक दलहरुबीच दुई पक्षिय, त्रिपक्षिय, चौपक्षिय वार्ता भए । काँग्रेस, एमाले र एमाओवादी, काँग्रेस, एमाले र मधेशवादी दल, एमाले र मधेशवादी दलबीच पटक पटक वार्ता भए । उनीहरुले निर्णायक वार्ता गर्ने पनि भने । तर, ती वार्ता उपलब्धीका हिसाबले शुन्य प्राय भए । त्यतिमात्र होइन, एमाले र एमाओवादीबीच विवाद हुँदा एमाओवादी

[8] संवाद समितिका सभापति बाबुराम भट्टराईको सचिवालयद्वारा २०७१ साल मंसिर १९ मा जारी प्रेस विज्ञप्ति ।

[9] मंसिर २२, २०७१ । कान्तिपुर टिभी ।

बैठकको बीचबाट समेत हिडे । बैठकमा एमाले अध्यक्ष ओलीले २२ दलिय मोर्चा विघटन गर्नुका साथै संविधानमा सहमति नभए प्रकृयामा जाने बताएपछि एमाओवादी नेताहरु बिच्किए । त्यसपछि एमाओवादीका नेताहरुले सहमति भन्दा प्रकियालाई जोड दिन थालेकाले बैठक छाडेको बताए ।[10]

तयसपछि दलहरुले तिक्तता हटाउन समेत बैठक गर्नुपर्‍यो । त्यतिमात्र होइन, संविधानका विषयमा प्रधानमन्त्री सुशील कोइराला र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालबीच छुट्टै वार्ता भयो । वार्ता भइरहने तर सहमति हुने पटक्कै नभएपछि काँग्रेस, एमाले, एमाओवादी र मधेशवादी दलहरुले पुस १० गते कार्यदल गठन गरे ।[11] तर, सहमति जुटाउन मात्र होइन, विवादका विषयलाई साधुर्‍याउन समेत कार्यदल असफल भयो । काँग्रेस, एमाले, एमाओवादी र मधेशी मोर्चाका नेताहरु आ-आफ्नो अडानमा रहेका कारण प्रगति शुन्य प्राय भयो ।

## प्रतिपक्षी दलहरुद्वारा आन्दोलनमा जाने निर्णय

एमाओवादीले मुख्य राजनीतिक दलहरुसँगको वार्ता र आन्दोलनको तयारीलाई समान्नतर रुपमा अघि बढायो । एमाओवादीले आफ्नो मोर्चामा रहेका दलहरुसँग मिलेर संविधानका विषयमा साझा धारणा अघि सार्ने र त्यससँगसँगै आन्दोलन गर्ने तयारी गर्‍यो । त्यसैले मंसीर १९ गते बसेको एमाओवादी नेतृत्वको २२ दलीय मोर्चाले संविधानका अन्तर्वस्तुबारे साझा धारणा बनाउन कार्यदल गठन गर्‍यो । मूलत एमाओवादी नेतृत्वको मोर्चाको जोड सहमतिबाटै संविधान बनाउनुपर्छ भन्ने थियो । तर, उनीहरुले संविधानका विषयमा पनि सहमति नहुने र काँग्रेस र एमाले बहुमतका आधारमा अघि बढ्ने सम्भावना देखेपछि संविधान निर्माणका लागि दबाब दिने भन्दै आन्दोलन गर्ने निर्णय गरे । एकातिर सहमतिका लागि लचक हुने निर्णय गरे भने अर्कातिर आन्दोलनका कार्यक्रम तय गर्न कार्यदल गठन गरे । पुस ७ गतेको एमाओवादी नेतृत्वको मोर्चाको बैठकले संविधान निर्माणका लागि दबाब दिन भन्दै आन्दोलनका कार्यक्रम सार्वजनिक गर्‍यो । एमाओवादीको नेतृत्वमा रहेको ३० दलीय मोर्चाले सत्तारुढ दल प्रतिगमनतर्फ जान लागेकाले आन्दोलन गर्नु परेको निष्कर्ष निकाल्यो ।[12] एमाओवादीको केन्द्रीय समितिको बैठकले राजनीतिक सहमतिको सम्भावना टरेकाले माघ ८ गते संविधान नआउने निष्कर्ष निकाल्यो ।[13]

## संविधानका लागि दबाब

[10] बिसी, गंगा र न्यौपाने, कुलचन्द्र । पुस ६, २०७१ । बैठक भाँडियो । कान्तिपुर, पृ.१ ।

[11] कार्यदलमा काँग्रेसका महामन्त्री कृष्णप्रसाद सिटौला, एमालेका उपाध्क्ष भिम रावल, एमाओवादीका महासचिव कृष्णबहादुर महरा र सद्भावना पार्टीका सहअध्यक्ष लक्ष्मणलाल कर्ण थिए ।

[12] पुस ९, २०७१ । कान्तिपुर टिभी ।

[13] सापकोटा, रेवती । पुस १५, २०७१ । माघ ८ मा संविधान बन्दैन । अन्नपूर्ण पोष्ट, पृ १ ।

राजनीतिक दलका नेताहरुले माघ ८ गते संविधान जारी गर्न जोड दिएपनि संविधानका विषयहरुमा दलबीच सहमति नभएपछि संविधान जारी गर्नका लागि विभिन्न संघसंस्थाहरुले दबाबमूलक कार्यक्रम थाले । समयमा संविधान जारी गर्न भन्दै पेशागत सञ्जालले राजधानी सहित देशका विभिन्न स्थानमा धर्ना कार्यक्रम आयोजना गऱ्यो । संविधान जारी गर्न दबाब दिँदै सञ्जालले संविधानसभा अध्यक्ष नेम्वाङ र एमाओवादी अध्यक्ष दाहाललाई ज्ञापनपत्र बुझायो । नेपाल उद्योग वाणिज्य महासंघले पनि एमाओवादी अध्यक्ष दाहाललाई भेटी आमहडतालको सट्टा अन्य प्रकृतिका कार्यक्रम ल्याउन आग्रह गऱ्यो ।[14] यस्तै ११ वटा विद्यार्थी संगठनले सांकेतिक रुपमा राजधानीमा निद्रा जुलुस निकाले । शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल र विद्यार्थी संगठनले सडकमा बहस कार्यक्रम समेत चलाए । यस्तै एमालेका युवा सभासद्हरुले नेतृत्वलाई भेटी समयमा संविधान ल्याउन दबाब दिए भने काँग्रेस, एमाले, राप्रपा लगायतका केही दलका युवा सभासद्हरुले संविधानसभा अध्यक्षसँग भेट गरी समयमा नै संविधान जारी गर्न आग्रह गरे । सत्तारुढ दलका सभासद्हरुले त आवश्यक परे अनसन बस्नेसम्मका चेतावनी दिएका थिए ।[15] काँग्रेस, एमाले, एमाओवादी लगायतका दलका युवा नेताहरुले भेला आयोजना गरी माघ ८ गते संविधान जारी गर्नका लागि नेतृत्वलाई दबाब दिने निर्णय गरे । दबाब बढदै गएपछि संविधानसभा अध्यक्ष नेम्वाङले राजनीतिक दलहरुबीच सहमति नभएपछि संविधानसभाको प्रकृया नियम अनुसार अघि बढाउने बताए ।[16] संविधानमात्र होइन, पहिचान सहितको संघीयताको माग गर्दै आदिवासी जनजाति राष्ट्रिय आन्दोलन नेपालले राजधानीमा प्रदर्शन नै गऱ्यो ।

## एमाले र एमाओवादीमा कुरा मिल्यो

एमाले र एमाओवादी धेरै लामो समयदेखि आन्तरिक विवादमा रुमलिदै आएका थिए । तर, यस पटक दुवै दलमा आन्तरिक विवाद मत्थर भयो । एमालेमा पार्टी अध्यक्ष केपीशर्मा ओली र वरिष्ठ नेता माधवकुमार नेपालको सहमतिमा स्थायी समिति र पोलिट्ब्यूरो सदस्यको चयन भयो । त्यसपछि ओलीले स्थायी र पोलिटब्युरोको सर्वसम्मत गठनले पार्टीको आन्तरिक एकतालाई थप सुदृढ बनाउने, जनतामा आशा र भरोसामा वृद्धि गर्न सघाउने र राष्ट्रिय राजनीतिका चुनौती एवं नयाँ संविधान निर्माणको अभिभारालाई सफलतापूर्वक बहन गर्न पार्टीलाई अझ सक्षम तुल्याउने विश्वास गरे ।[17]

[14] बाचा नभुल, हडताल नगर । पुस १३, २०७१ । नागरिक, पृ.१ ।

[15] पुस १६, २०७१ । कान्तिपुर टिभी ।

[16] अधिकारी, सरोजराज र फुयाल, राजेन्द्र । नत्र प्रकृयामा लैजाने चेतावनी । Retrieved January 4, 2015 from http://www.ekantipur.com/np/2071/9/17/full-story/401295.html

[17] नेकपा एमालेले २०७१ साल मंसिर २८ गते जारी गरेको प्रेस विज्ञप्ति ।

उता, एमाओवादीमा पनि नेतृत्व विवाद तत्कालका लागि अस्थायी रुपमा साम्य भयो । पार्टी अध्यक्ष पुष्पकमल दाहालले आगामी महाधिवेशनमा जाने र त्यसपछि नेतृत्व भट्टराईलाई हस्तान्तरण गर्ने प्रस्ताव गरे भने भट्टराईले पनि पार्टीको नेतृत्व लिने बताए । केन्द्रीय समितिको बैठकमा उनले भने-'म गुटको नेता भएर रमाउन चाहान्न । नेतृत्व लिने साहस गर्नुपर्छ भन्ने निष्कर्षमा पुगेको छु । प्रयोग र परीक्षणको जिम्मेवारी लिन्छु ।'[18] उनको भनाइलाई उपाध्यक्ष नारायणकाजी श्रेष्ठ लगायतले समर्थन गरे । यसपछि एमाओवादीभित्रको विवाद सामसुम भयो ।

## निष्कर्ष

काँग्रेस र एमालेले एमाओवादी नेतृत्वको मोर्चालाई कमजोर पार्न लागे । उनीहरुले सरकारमा सरकारमा सहभागी नहुने हो भने मोर्चा फुटाउने प्रयास गरे । यसबाट एमाओवादी अझ बढी झस्कियो । दुई तिहाइ बहुमतबाट संविधान जारी गर्न सक्ने भन्दै एमाओवादीले आन्दोलनको माहोल बनाउने प्रयास गऱ्यो । राजनीतिक दलका नेताहरु सहमतिमा पुग्न नसक्दा संविधानसभा पंगु जस्तै भयो । संविधानसभामा छलफल त भयो तर त्यो अर्थहिन छलफलका रुपमा परिणत भयो । माघ ८ गते संविधान जारी गर्न भन्दै दबाबमुलुक कार्यक्रम शुरु गरिएपनि त्यसले नेताहरुको कार्यशैली र निर्णायक प्रकियामा कुनै असर पारेन । यसलेगर्दा प्रकृया अनुसार संविधान नआउने निश्चित प्राय भयो । संविधानसभा निर्वाचन र संविधानसभा कार्यतालिका अनुसार दलहरुले काम नगर्दा राजनीतिक अन्योल झनै बढ्यो । तर, यसको दोष लिन भने कोही तयार भएन । बरु अरुलाई दोष लगाएर आफू पानी माथि ओभानो बन्ने प्रयासमा भने दलहरु लागि रहे ।

## मुख्य राजनीतिक गतिविधि

### मंसीर १५

एमाले अध्यक्ष केपीशर्मा ओली र तराई मधेश केन्द्रीत दलहरुबीच भेटवार्ता । राष्ट्रिय सहमतिको सरकारमा सहभागी हुन आग्रह । अन्तर्वस्तुमा सहमति नुहँदासम्म सहभागी नहुने मधेशी दलहरुको भनाइ ।

### मंसीर १६

एमाले र संवाद समितिका सभापति बाबुराम भट्टराईबीच भेटवार्ता । एमाले नेताहरुद्वारा साझा प्रस्ताव संविधानसभामा पठाउन भट्टराईलाई आग्रह ।

### मंसीर १७

18

काँग्रेस, एमाले र एमाओवादीका नेताहरुको बैठक। स्वविवेक प्रयोग गरी प्रतिवेदन बुझाउन सभापति भट्टराईलाई आग्रह।

संवाद समितिका सभापति बाबुराम भट्टराईद्वारा पत्रकार सम्मेलन। सबैलाई मान्य हुने गरी प्रतिवेदन संविधानसभामा बुझाउने भनाइ।

**मंसीर १८**

काँग्रेस, एमाले, एमाओवादी र संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङबीच छलफल। संवाद समितिको प्रतिवेदन संविधानसभामा पठाउने सहमति।

तमलोपाको केन्द्रीय कार्य सम्पादन समितिको बैठक। संविधानका अन्तर्वस्तुमा साझा धारणा बनाएर अघि बढ्न सबै मधेशी दलहरुलाई आग्रह।

**मंसीर १९**

एमाओवादी नेतृत्वको २२ दलीय मोर्चाको बैठक । संविधानका अन्तर्वस्तुबारे साझा धारणा बनाउन कार्यदल गठन।

एमाले नेता केपीशर्मा ओली र मधेशी मोर्चाको बैठक। संविधान जारी नभएसम्म सरकारमा सहभागी हुन मोर्चाद्वारा अस्वीकार।

संवाद समितिद्वारा प्रतिवेदन संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङलाई हस्तान्तरण।

**मंसीर २०**

एमाले अध्यक्ष केपीशर्मा ओली र मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदारबीच भेटवार्ता। राष्ट्रिय सहमतिको सरकार गठनबारे छलफल।

**मंसीर २१**

संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङद्वारा प्रधानमन्त्री सुशील कोइराला, एमाले अध्यक्ष केपीशर्मा ओली र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालसँग छलफल। प्रक्रिया छोट्टाएर भएपनि माघ ८ गते संविधान जारी गर्ने वातावरण मिलाउन आग्रह।

एमाओवादी नेतृत्वको २० दलिय मोर्चाको बैठक। सहमतिका आधारमा संविधान निर्माण हुनुपर्नेमा जोड।

मोहन बैद्य नेतृत्वको नेकपा माओवादीद्वारा प्रधानमन्त्री सुशील कोइरालालाई ज्ञापनपत्र। राष्ट्रिय सहमतिका लागि सर्वपक्षिय राष्ट्रियसभा गर्न माग।

संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको बैठक । संघीयता सहितको संविधान जारी गर्नुपर्नेमा जोड । संविधान जारी नहुँदासम्म सरकारमा सहभागी नहुने निर्णय ।

**मंसीर २२**

एमाले केन्द्रीय कमिटीको बैठक । दलहरुको सुझाव विपरित संवाद समितिका सभापति बाबुराम भट्टराईले संविधानसभामा प्रतिवेदन पठाएको अध्यक्ष केपीशर्मा ओलीको आरोप ।

संविधानका विवादित विषयमा काँग्रेस, एमाले र एमाओवादीको बैठक ।

काँग्रेस, एमाले र मधेशी मोर्चाको बैठक । संविधानका अन्तर्वस्तुमा छलफल ।

**मंसीर २३**

एमाले संसदीय दलको बैठक । संविधानका विवादित विषयमा सहमति नभए प्रकृयाबाट अघि बढ्न नेतृत्वलाई सुझाव ।

**मंसीर २४**

काँग्रेस, एमाले, एमाओवादी र मधेशी मोर्चाको बैठक । माघ ८ गते संविधान जारी गर्ने सहमति ।

संवाद समितिका सभापति बाबुराम भट्टराईद्वारा प्रतिवेदन संविधानसभामा पेश ।

राष्ट्रपति रामवरण यादव र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालबीच भेट । केही दिनभित्र सहमतिमा पुग्ने अध्यक्ष दाहालको भनाइ ।

**मंसीर २५**

एमाले केन्द्रीय कमिटीको बैठक । विधान संशोधन गर्न उपाध्यक्ष भिम रावल र महासचिव ईश्वर पोखरेल रहेको कार्यदल गठन ।

मोहन बैद्य नेतृत्वको नेकपा माओवादीद्वारा जनसंविधान सार्वजनिक ।

**मंसीर २६**

एमाले केन्द्रीय कमिटीको बैठक । पोलिट्ब्युरो चयन सहमतिको आधारमा गर्ने निर्णय ।

काँग्रेस केन्द्रीय समितिको बैठक । माघ ८ गते संविधान जारी गर्नका लागि अग्रसरता लिने निर्णय ।

एमाओवादी नेतृत्वको संघीय लोकतान्त्रिक गठबन्धनको बैठक । संविधान निर्माणका लागि दबाब दिने भन्दै आन्दोलन गर्ने निर्णय ।

**मंसीर २७**

एमाले केन्द्रीय कमिटीको बैठक। स्थायी कमिटी गठन ।

संविधानका विवादित विषयमा एमाले र मधेशवादी दलहरुबीच बैठक ।

**मंसीर २८**

एमाले केन्द्रीय कमिटीको बैठक। ६२ सदस्यीय पोलिट्ब्युरो चयन ।

राप्रपा नेपालका नेताहरुद्वारा प्रधानमन्त्री सुशील कोइरालासँग भेटघाट । पृथ्वी जयन्तीमा बिदा दिन माग ।

एमाओवादीको केन्द्रीय कमिटीको बैठक शुरु ।

काँग्रेस केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठक। काँग्रेस र एमालेले अघि सारेको प्रस्तावमा आधारित रहेर संविधानका अन्तर्वस्तुमा सहमति खोज्न सुझाव ।

**मंसीर २९**

संवाद समितिले पेश गरेको प्रतिवेदनमाथि छलफल शुरु । कुन प्रक्रियाबाट अघि बढाउने भन्नेमा मुख्य दलहरुबीच विवाद ।

**पुस २**

संवाद समितिको प्रतिवेदनमाथि संविधानसभामा छलफल ।

एमालेद्वारा पार्टी कार्यालयमा पत्रकार सम्मेलन । प्रदेश निर्माण गर्दा तराइ र पहाड छुट्टाउन नसकिने भनाइ ।

राष्ट्रपति रामवरण यादव र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालबीच भेटवार्ता। संविधान निर्माणको प्रगतिबारे छलफल ।

**पुस ३**

प्रधानमन्त्री सुशील कोइराला र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालबीच भेटवार्ता । संविधानका विषयमा छलफल ।

**पुस ४**

संघीय गणतान्त्रिक मोर्चाको बैठक । माघ ८ गते संविधान जारी गर्नका लागि पहललाई निरन्तरता दिने निर्णय ।

काँग्रेस र एमालेको बैठक । सहमतिका लागि अन्य दलहरुसँग निर्णायक छलफल गर्ने निर्णय ।

पहिचान सहितको संघीयताका माग गर्दै आदिवासी जनजाति राष्ट्रिय आन्दोलन नेपालद्वारा राजधानीमा प्रदर्शन ।

**पुस ५**

प्रधानमन्त्री निवास बालुवाटारमा काँग्रेस, एमाले र एमाओवादीको बैठक । एमाओवादीद्वारा केहीबेरमै बैठक बहिस्कार ।

संघीय लोकतान्त्रिक गठबन्धनको बैठक । संविधानका विवादित विषयमा सहमतिका लागि लचकता अपनाउने निर्णय ।

राप्रपा नेपालद्वारा पत्रकार सम्मेलन । संविधानका विषयमा तटस्थ बस्न अन्तर्राष्ट्रिय समुदायलाई आग्रह ।

**पुस ६**

संघीय लोकतान्त्रिक गठबन्धनको बैठक । आन्दोलनका कार्यक्रम तय गर्न कार्यदल गठन ।

नेकपा माओवादी नेतृत्वको २० दलीय मोर्चाद्वारा संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङसँग भेट । सहमतिका लागि संवाद समितिको प्रतिवेदन पुनः संवाद समितिमा नै पठाउन आग्रह ।

**पुस ७**

एमाले स्थायी समितिको बैठक । संविधान निर्माणका लागि दबाब दिन भन्दै देशका १५ ठाउँमा आमसभा गर्ने निर्णय ।

एमाओवादी नेतृत्वको मोर्चाको बैठक । संविधान निर्माणका लागि दबाब दिन भन्दै आन्दोलनका कार्यक्रम सार्वजनिक ।

**पुस ८**

माघ ८ गते संविधान जारी गर्नका लागि दबाब सिर्जना गर्न भन्दै पेशागत सञ्जालद्वारा देशका विभिन्न जिल्लामा धर्ना ।

संविधान जारी गर्न दबाब दिँदै ११ विद्यार्थी संगठनद्वारा राजधानीमा निन्द्रा जुलुस ।

**पुस ९**

काँग्रेस, एमाले, एमाओवादी र मधेशी मोर्चाको बैठक । तिक्तता हटाउँदै संविधान निर्माणमा केन्द्रीत हुने सहमति ।

एमाओवादी नेतृत्वको ३० दलिय मोर्चाको बैठक । सत्तारुढ दलहरु प्रतिगमनतर्फ जान लागेकाले आन्दोलन गर्नुपरेको निष्कर्ष ।

**पुस १०**

प्रधानमन्त्री सुशील कोइरालाद्वारा एमाले अध्यक्ष केपीशर्मा ओली र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालसँग छुट्टा-छुट्टै भेट । सार्वजनिक रुपमा आरोप प्रत्यारोप नगर्न आग्रह ।

काँग्रेस, एमाले, एमाओवादी र मधेशी मोर्चाद्वारा संविधानका विवादित विषयमा सहमति खोज्नका लागि कार्यदल गठन ।

संविधान जारी गर्न दबाब दिँदै पापडद्वारा एमाले अध्यक्ष केपीशर्मा ओली र प्रधानमन्त्री सुशील कोइरालालाई ज्ञापनपत्र ।

**पुस ११**

संविधान जारी गर्न दबाब दिँदै पापडद्वारा संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङलाई ज्ञापनपत्र ।

एमाले स्थायी समितिको बैठक । संविधान निर्माणका लागि सक्दो पहल गर्ने निर्णय ।

**पुस १२**

संविधान जारी गर्न दबाब दिँदै पापडद्वारा एमाओवादी अध्यक्ष पुष्पकमल दाहाललाई ज्ञापनपत्र ।

संविधान जारी गर्ने वातावरण मिलाउन भन्दै उद्योग बाणिज्य महासंघका पदाधिकारीद्वारा एमाओवादी अध्यक्ष पुष्पकमाल दाहालसँग भेटवार्ता ।

**पुस १३**

माघ ८ गते संविधान जारी गर्न माग गर्दै पापड र विद्यार्थी संगठनद्वारा सडक बहस आयोजना ।

संविधानका विवादित विषयमा सहमति जुटाउन काँग्रेस, एमाले, एमाओवादी र मोर्चाका नेता रहेको कार्यदल असफल ।

एमाओवादीको केन्द्रीय कमिटीको बैठक । आगामी महाधिवेशनबाट बाबुराम भट्टराईलाई नेतृत्व हस्तान्तरण गर्ने अध्यक्ष पुष्पकमल दाहालको प्रस्ताव ।

एमालेका युवा नेताहरुद्वारा पार्टी नेतृत्वसँग भेटघाट । प्रकृयामा गएर भएपनि माघ ८ गते संविधान जारी गर्न माग ।

## पुस १४

काँग्रेस, एमाले, एमाओवादी र मधेशी मोर्चाको बैठक । आ-आफ्नो अडानका कारण प्रगति शुन्यः प्राय ।

एमाले केन्द्रीय समितिको बैठक । संविधान निर्माणका लागि वार्ता र आन्दोलनलाई समानान्तर रुपमा अघि बढाउने निर्णय ।

युवा सभासद्हरुको भेला । माघ ८ गते संविधान जारी गर्नका लागि नेतृत्वलाई दबाब दिने निर्णय ।

काँग्रेस, एमाले, राप्रपाका सभासद्हरुद्वारा संविधानसभा अध्यक्ष सुवास चन्द्र नेम्वाङलाई ज्ञापनपत्र । सहमति नभए प्रकृयाबाट अघि बढन दबाब ।